जनकपुरधाम उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, मधेश प्रदेश

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति२०८०।०२।१० गते )**

रेमी परियोजना अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुन:एकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या | परिक्षा दस्तुर | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | १ | रु.१०००।- | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इनकाउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>-कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।<br>-सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| २ | रोजगार परामर्शकर्ता | १ | रु.१०००।- | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।<br>-कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।<br>- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाइ प्राथमिकता हुनेछ । |
| ३ | सामाजिक परिचालक | २जना( १जना महिला अनिवार्य ) | रु.५००।- | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको।<br>-कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।<br>-स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

(१) **कार्य अवधि** :हाललाई आ. व. २०७९/०८० को असाढ मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

(२) **परीक्षाको किसिम** :लिखित र अन्तर्वार्ता । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुन:एकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

(३) **आवश्यक कगजातहरु र दरखास्त दिने स्थान :**
इच्छुक नागरिकहरुले सामाजिक शाखाबाट दरखास्त उपलब्ध गरी नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि साथ माथि उल्लेखित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि सहित यस कार्यालयको सामाजिक विकास शाखामा कार्यालयको समय भित्र दरखास्त पेश गर्नु पर्नेछ । । तोकिएको समय भन्दा पछी आएकाआवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(४) **छनौट प्रक्रिया :**
प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

(५) **दरखास्त दिने अन्तिम मिति**:२०८०।०२।२३ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट निवेदन बुझाउन सकिनेछ ।

(६) **तलब तथाअन्य सुविधा** : परियोजनाको नियमअनुसार हुनेछ ।